# स्थानीय राजपत्र

उदयपुरगढी गाउँपालिकाद्वारा प्रकाशित

भाग - २ खण्ड - ८ संख्या - ८

## उदयपुरगढी गाँउपालिकाको पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि - २०८१

उदयपुरगढी, भाद्र ९ गते, २०८१ साल

उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र उदयपुरगढी गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि – २०८१ जारी गरिएको छ।

# उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

*प्रमाणीकरण मिति : २०८१-०५-०१*

**प्रस्तावना**

उदयपुरगढी गाउँपालिका भित्र हुने पशुपन्छी पालन व्यवसायलाई थप व्यवसायिक,उत्पादन लागत घटाउन,यान्त्रिकरण र प्रविधिमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउदै लैजान, उदयपुरगढी गाउँपालिकाबाट सञ्चालन गरिने पशुपन्छी विकास कार्यक्रमहरु लाई पारदर्शिता, जवाफदेही, उत्तरदायी एवं प्रभावकारी रुपमा सञ्चालन गर्न तथा कृषक लाई पशुपालन गर्दै व्यवसायिक र समृद्ध बनाउन वाञ्छनीय भएकोले, (प्रशासकीय कार्यविधि नियमित गर्ने) ऐन,२०७६ को दफा ४(१) अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम " उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

२) यो कार्यविधि उदयपुरगढी गाँउपालिकाको क्षेत्र भित्र लागु हुनेछ ।

३) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले उदयपुगढी गाँउपालिका लाई जनाउनेछ।

ख) "कार्यपालिका" भन्नाले उदयपुगढी गाँउपालिकाको कार्यपालिकालाई जनाउने छ।

ग) "प्रमुख" भन्नाले उदयपुगढी गाँउपालिकाको प्रमुखलाई जनाउने छ ।

घ) "उपप्रमुख" भन्नाले उदयपुगढी गाँउपालिकाको उपप्रमुखलाई जनाउनेछ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उदयपुगढी गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ।

च) "आर्थिक विकास समिति" भन्नाले उदयपुगढी गाँउपालिकाको आर्थिक विकास समितिलाई जनाउनेछ ।

छ) "शाखा भन्नाले उदयपुगढी गाँउपालिकाको पशुपन्छी बिकास इकाइ (पशुपन्छी विकास शाखा)लाई जनाउनेछ।

ज) "शाखा प्रमुख" भन्नाले उदयपुगढी गाँउपालिकाको पशुपन्छी विकास इकाइ (पशुपन्छी विकास शाखा) को प्रमुखलाई जनाउनेछ ।

झ) सेवा केन्द्र" भन्नाले उदयपुगढी गाँउपालिकामा सञ्चालित कृषि तथा पशु सेवा केन्द्रहरू लाई जनाउने छ।

## परिच्छेदः २

**३. पशुपन्छी सेवाः** उदयपुगढी गाँउपालिकाको पशुपन्छी विकास शाखा /सेवा केन्द्रबाट नियमित पशु उपचार तथा खोप सेवा र पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**४. नियमित पशुपन्छी उपचार तथा खोप सेवाः**

१) उदयपुगढी गाउँ/टोलभित्रका पशुपंक्षी तथा चौपायाहरूको लागि पशुपन्छी विकास शाखा/सेवा केन्द्रबाट नियमित उपचार तथा खोप सेवा उपलब्ध हुनेछ ।

२) कार्यालय समयभित्र  रु २० को प्रेसक्रिप्सन नगदी रसिद तिरी निःशुल्क पशुपन्छी विकास शाखा/सेवा केन्द्रबाट नियमित पशु उपचार, प्रयोगशाला सेवा र खोप सेवा लिन सकिनेछ ।

CamScanner

३) व्यवसायिक पशुपालन गर्ने कृषक तथा उद्यमीहरुको अनुरोधमा कृषकको घर वा पशुपालन फर्ममा गई उपदफा (१) बमोजिमको सेवा उपलब्ध गराउन सकिनेछ ।

४) आकस्मिक उपचार सेवा र निर्धारित रोग न्यूनीकरणको लागि कार्यक्रम वा निःशुल्क व्यवस्था भए बमोजिम बाहेक उपदफा (३) बमोजिमको सेवामा अतिरिक्त शुल्क लाग्ने छ।

**५. पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन तथा संचालन प्रक्रियाः**

१) उदयपुरगढी गाँउपालिकाको आन्तरिक आयबाट सञ्चालन हुने र सङ्घीय सरकार तथा प्रदेश सरकारबाट सशर्त हस्तान्तरण भई गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएका पशुपन्छी तर्फका कार्यक्रम पशुपन्छी विकास कार्यक्रमका रुपमा पशुपन्छी विकास शाखाबाट कार्यान्वयन हुनेछन् ।

२) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको बिधि अवलम्बन गरी कार्यान्वयन तथा संचालन गरिनेछः

क. अनुदान (नगद/वस्तुगत) सहायता तर्फका कार्यक्रम सञ्चालन् गर्दा गाउँपालिकाले अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयको सूचना पाटि/वेभ साईट/दैनिक स्थानिय पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरि आह्वान गर्नेछ ।साथै गाउँपालिका, सम्पूर्ण वडा कार्यालय, पशुपन्छी विकास शाखा र सम्पूर्ण पशु सेवा केन्द्रको सूचना पाटिमा समेत टाँस गर्नु पर्नेछ।

ख. प्रकाशित सूचना अनुसार कृषक/व्यवसायि/उद्यमीहरूले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-३ बमोजिमको ढाँचामा संक्षिप्त व्यवसायिक योजना, अनुसूची- ४ बमोजिमको ढाँचामा लागत साझेदारी प्रतिवद्धता पत्र, अनुसूची- ५ बमोजिमको ढाँचामा स्वघोसणा पत्र र अनुसूची- ६ बमोजिमका आवश्यक कागजातहरु सहितको प्रस्तावना संलग्न राखी निर्धारित समय भित्र पशुपन्छी विकास शाखामा दर्ता गराउनु पर्नेछ ।

ग. दफा ५ को उपदफा २ (क) मुताविकको सूचनाको आधारमा निर्धारित समय भित्र प्राप्त प्रस्तावहरु दर्ता हुन नआएमा गाउँ कार्यपालिकाको निर्णयमा कार्यालयले दोश्रो पटक पुनः वा म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

घ. रित नपुगि वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।म्याद सके पछाडी यर्थाशिध्र पशुपन्छी विकास शाखाले प्रस्ताव पेश कर्ताहरुको प्रारम्भिक सूची वेभ साईटमा प्रकाशन गरिनेछ ।

ङ. अनुसूची-७ बमोजिम अनुदान प्रस्तावको मुल्याङ्कनका लागि स्थलगत निरीक्षण चेक लिष्ट फारम अनुगमणकर्ताले मुल्याङ्कन समितिलाई पेश गर्नेछ ।

च. प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशन र सिफारिसका लागि निम्न बमोजिम प्रस्ताव मुल्याङ्कन तथा छनौट समिति रहनेछ ।

- ✓ गाउँपालिका अध्यक्ष - संयोजक
- ✓ गाउँपालिका उपाध्यक्ष - सदस्य
- ✓ प्रमुख प्रशासकिय अधिकृत - सदस्य
- ✓ गाउँपालिका अध्यक्षले तोकेको एक महिला सहित २ जना कार्यपालिका सदस्य -सदस्य
- ✓ प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत - सदस्य सचिव
- ✓ समितिमा आवश्यकता अनुसार बढीमा दुई जना विज्ञ आमन्त्रण गर्न सकिनेछ ।

छ. स्थलगत निरीक्षणबाट अयोग्य ठहरिएका प्रस्तावहरूलाई मुल्याङ्कन प्रकृयाबाट हटाई योग्य प्रस्तावहरूको अनुसूची-७ बमोजिम आर्थिक विकास समितिबाट मुल्याङ्कन गरिने छ ।

ज. मुल्याङ्कन समितिबाट प्रस्ताव मुल्याङ्कन तथा छनौट भएको सिफारिस शाखा प्रमुख मार्फत गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

उदयपुरगढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय उदयपुरगढी, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

चित्र प्रसाद मुरारमाई
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

ज. गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछी अन्तिम नतिजा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भई गाउँपालिकाको वेवसाइटमा राखिने छ। शाखा/सेवा केन्द्र र वडाहरूमा समेत टाँस गर्नुपर्नेछ ।

झ. अनुदानका लागि छनौट भएका कृषक/उद्यमी/व्यवसायीसँग कार्य सञ्चालनको लागि शाखाले अनुसूची-९ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

ञ. कार्यक्रम स्थलमा सबैले बुझने भाषामा अनुसूची- १० बमोजिम होडिङ्गबोड/सूचना पाटी तयारगरी सार्वजनिक जानकारीको लागि राख्नु पर्ने छ ।

ट. कार्यक्रमको म्याद थप गर्नुपर्नेमा, सम्झौताको म्याद समाप्त हुनु भन्दा अगाडी काम सम्पन्न हुन नसकेको कारण स्पस्ट खुल्ने गरी वडा कार्यालयको सिफारिस सहितको निवेदन उदयपुरगढी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ठ. उक्त सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछी वडा/पालिका स्तरीय अनुगमन समितिबाट सिफारिस, वडा कार्यालयको कार्य सम्पन्न सिफारिस र सम्बन्धीत वडाको पशु प्राविधिकको स्थलगत अनुगमन प्रतिवेदन एवंम् आवश्यकता अनुसार शाखाबाट स्थलगत अनुगमन गरी शाखाको सिफारिसका आधारमा गाउँपालिकाबाट भुक्तानी हुनेछ ।

३) दफा ५ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सङ्घीय र प्रदेश सरकारबाट सशर्त हस्तान्तरिक कार्यक्रमको कार्यान्वयन निर्देशिका वा कार्यविधि वा मापदण्ड बमोजिम कार्यक्रम कार्यान्वयन हुनेछ ।

४) कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी र व्यवस्थित बनाउन गाउँपालिकाले थप मापदण्ड जारी गर्न सक्नेछ।

**६. अनुगमन मुल्याङ्कनः**

१) कार्यविधि बमोजिम सम्पादन भएका कार्यक्रमको अनुगमन वडा/गाउँपालिका स्तरीय अनुगमन समितिबाट हुनेछ।

२) दफा ६ को उपदफा (१) बमोजिम अनुगमन गर्दा शाखा प्रमुख/प्रतिनिधि सदस्यको रूपमा र आवश्यकता अनुसार प्राविधिक तथा अन्य विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

३) अनुगमन समितिले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्ने छ । यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित प्रस्तावकको कर्तव्य हुने छ ।

**७. भुक्तानी प्रकृयाः**

- सम्बन्धित साझेदारीले शरुमा आफ्नो लगानीबाट सम्झौता अनुसार कार्यसम्पन्न गरी नियमअनुसार विल,भरपाई र प्रविधिकको कार्य सम्पन्न प्रतिवेदन सहित भुक्तानीको लागि अनुरोध गरे पश्चात गाउँपालिका बाट स्थलगत अनुगमणगरी मनासिव ठहरिएमा अनुदान रकम भुक्तानी हुनेछ ।
- वार्षिक स्विकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम संचालनका लागि प्रदान गरिने अधिक्तम अनुदान रकमको सिमा तोकिने छ साथै कार्यक्रम ५०/५० को लागत साझेदारीमा संचालन हुनेछ अर्थात् कार्यालयको अनुदान रकम लाई ५० प्रतिशत बराबर मानि बाकी ५० प्रतिशत रकम सम्बन्धित साझेदार स्वयमले व्यहोर्नु पर्ने छ । पुजिगत निर्माणमा बाहेक ।
- सम्पन्न भएका कृयाकलायहरुको अनुदान रकम साझेदारको बैङ्क खातामा भुक्तानी दिने छ ।
- निर्माण सँग सम्बन्धित कार्यक्रमा भुक्तानी गरिने रकमबाट ४ प्रतिशत कन्टिजेन्सी वापत र नियम अनुसारको अन्य सरकारी कर कट्टा गरी सो कट्टा गरिएको रकम बाट बैठक भता, अनुगमण खर्च र विज्ञ खर्च वापत खर्च गरिने छ ।

चिन प्रसाद गुरुङ्गाई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## परिच्छेदः ३

### कार्यक्रम र कार्यक्रम सञ्चालन प्रकृया

**८. कार्यक्रम र कार्यक्रम सञ्चालन प्रक्रियाः**

१) कार्यविधि बमोजिम देहायका कार्यक्रम देहायको उद्‌देश्य प्राप्तीको लागि देहायको शर्त एवं प्रकृया बमोजिम सञ्चालन हुनेछः

| | |
|---|---|
| **स्वरोजगार कृषक लक्षित कार्यक्रम** | |
| **कार्यक्रम** | **१) नमुना बाख्रा खोर निर्माण तथा सुधार** |
| उद्‌देश्य | पशुपन्छी (बाख्रा) पालन गरिरहेका बिद्‌यमान कृषी व्यवसायीहरुलाई व्यवसाय प्रवर्द्धन गर्ने |
| अनुदान सिमा | ७५ हजार । |
| अनुदान शर्त | ✓ कृषकको तर्फ बाट कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नुपर्ने छ ।<br>✓ अनुदान प्राप्त गर्नका लागि फर्मको हकमा कम्तिमा १० बाख्रा पालन गर्दै गरेको हुनु पर्नेछ ।<br>✓ अनुदान प्राप्त गर्नका लागि समुह/सहकारी/टोल विकास संस्थाको हकमा कम्तिमा १५० बाख्रा पालन गर्दै गरेको हुनु पर्नेछ । |
| बिधि | (क) सूचना प्रकाशन र ढाँचामा प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता<br>(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस<br>(ङ) स्थलगत अनुगमन, विल भर्पाईका आधारमा अन्तिम भुक्तानी । |
| **कार्यक्रम** | **२) नमुना बंगुर खोर निर्माण तथा सुधार** |
| उद्‌देश्य | पशुपन्छी (वंगुर) पालन गरिरहेका बिद्‌यमान कृषी व्यवसायीहरुलाई व्यवसाय प्रवर्द्धन गर्ने |
| अनुदान सिमा | ७५ हजार । |
| अनुदान शर्त | ✓ कृषककोतर्फ बाट कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नुपर्ने छ ।<br>✓ अनुदान प्राप्त गर्नका लागि फर्मको हकमा कम्तिमा २ माउ बंगुर पालन गर्दै गरेको हुनु पर्नेछ ।<br>✓ अनुदान प्राप्त गर्नका लागि समुह/सहकारी/टोल विकास संस्थाको हकमा कम्तिमा १० बंगुर पालन गर्दै गरेको हुनु पर्नेछ । |
| बिधि | (क) सूचना आह्वान र प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता<br>(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस<br>(ङ) स्थलगत अनुगमन, विल भर्पाईका आधारमा अन्तिम भुक्तानी । |
| **कार्यक्रम** | **३. महिला लक्षीत बाख्रा खोर निर्माण तथा सुधार** |
| उद्‌देश्य | बाख्रा पालन गरिरहेका बिद्‌यमान महिला कृषि व्यवसायीहरुलाई प्राथमिक्तामा राखी बाख्रा पालन व्यवसाय प्रवर्द्धन गर्ने |
| अनुदान सीमा | ७५ हजार । |
| अनुदान शर्त | • कृषकको तर्फ बाट कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ । |

CamScanner

| | |
|---|---|
| | • महिला कृषकको नाममा दर्ता भएको कृषि फर्म/समुह/सहकारी लाई विशेष प्राथमिक्ता दिनेछ ।<br>• समुह/सहकारीको हकमा महिला लक्षित निर्णय भएको हुनुपर्ने छ ।<br>• अनुदान प्राप्त गर्नका लागि फर्मको हकमा कम्तिमा १० बाख्रा पालन गर्दै गरेको हुनु पर्नेछ ।<br>• अनुदान प्राप्त गर्नका लागि समुह/सहकारी/टोल विकास संस्थाको हकमा कम्तिमा १५० बाख्रा पालन गर्दै गरेको हुनु पर्नेछ । |
| बिधि | (क) सूचना प्रकाशन र प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता<br>(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस<br>(ङ) स्थलगत अनुगमन, विल भर्पाईका आधारमा अन्तिम भुक्तानी । |
| **कार्यक्रम** | **४. दलित/जनजाती तथा लक्षीत नमुना वंगुर खोर निर्माण तथा सुधार** |
| उद्देश्य | वंगुर पालन गरिरहेका बिद्यमान दलित तथा जनजाती कृषि व्यवसायीहरुलाई प्राथमिक्तामा राखी वंगुर पालन व्यवसाय प्रवर्द्धन गर्ने |
| अनुदान सीमा | ७५ हजार । |
| अनुदान शर्त | • कृषकको तर्फ बाट कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ ।<br>• दलित/जनजाती कृषकको नाममा दर्ता भएको कृषि फर्म/समुह/सहकारी/टोल विकास संस्था लाई विशेष प्राथमिक्ता दिनेछ ।<br>• अनुदान प्राप्त गर्नका लागि फर्मको हकमा कम्तिमा २ माउ बंगुर पालन गर्दै गरेको हुनु पर्नेछ ।<br>• अनुदान प्राप्त गर्नका लागि समुह/सहकारी/टोल विकास संस्थाको हकमा कम्तिमा १० बंगुर पालन गर्दै गरेको हुनु पर्नेछ । |
| बिधि | (क) सूचना प्रकाशन र प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश<br>(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस<br>(ङ) स्थलगत अनुगमन, विल भर्पाईका आधारमा अन्तिम भुक्तानी । |
| **कार्यक्रम** | **५.महिला लक्षीत लोकल कुखुरा पालन कृषक लाई सहयोग कार्यक्रम** |
| उद्देश्य | कुखुरा पालन गरिरहेका बिद्यमान महिला कृषि व्यवसायीहरुलाई प्राथमिक्तामा राखी कुखुरा पालन व्यवसाय प्रवर्द्धन गर्ने |
| अनुदान सीमा | ५० हजार । |
| अनुदान शर्त | • कृषकको तर्फ बाट कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ ।<br>• महिला कृषकको नाममा दर्ता भएको कृषि फर्म/समुह/सहकारी/टोल विकास संस्थालाई विशेष प्राथमिक्ता दिनेछ ।<br>• समुह/सहकारीको हकमा महिला लक्षित निर्णय भएको हुनुपर्ने छ ।<br>• स्थानिय जातको १० माउ कुखुरा पालन गरिएको फर्म लाई मान्यता दिईनेछ । |
| बिधि | (क) सूचना प्रकाशन र प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश<br>(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस |

CamScanner

| | |
|---|---|
| | (ङ) स्थलगत अनुगमन, विल भर्पाईका आधारमा अन्तिम भुक्तानी । |
| **कार्यक्रम** | **६. कलस्टरमा भैसी पालन कार्यक्रम** |
| उद्देश्य | • मासु तथा दुग्ध उत्पादन गरी रोजगारीको सृजना गर्ने।<br>• मासु तथा दुग्ध उत्पादनमा गाउँपालिका लाई आत्मनिर्भर बनाउने ।<br>• कृषक लाई व्यवसायीक बनाई आर्थिक रुपमा सवल बनाउने। |
| अनुदान सीमा | ५० हजारको (एउटा भैसी) |
| अनुदान शर्त | • कृषकको तर्फ बाट कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ ।<br>• आर्थिक विकास समितिले तोकेको कलस्टर भित्र मात्र संचालन हुने छ।<br>• कलस्टर भित्र बसोबास गर्दै आएका आर्थिक विपन्न/ पछाडी परेको ब्यक्ती/एकल महिला लाई विशेष प्राथमिकता दिनेछ । |
| बिधि | (क) सूचना प्रकाशन र ढाँचामा प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता<br>(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस र आर्थिक विपन्न/ पछाडी परेको ब्यक्ती/एकल महिला को सिफारिस पत्र<br>(ङ) स्थलगत अनुगमन, विल भर्पाईका आधारमा अन्तिम भुक्तानी । |
| **कार्यक्रम** | **७. बाख्रा पालनका लागि नमुना समुह कार्यक्रम** |
| उद्देश्य | पशुपन्छी (बाख्रा) पालन गरिरहेका बिद्यमान कृषी व्यवसायीहरुलाई व्यवसाय प्रवर्द्धन गर्ने |
| अनुदान सिमा | ३ लाख । |
| अनुदान शर्त | ✓ कृषकको तर्फ बाट कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नुपर्ने छ ।<br>✓ अनुदान प्राप्त गर्नका लागि समुह/सहकारी/टोल विकास संस्थाको हकमा कम्तिमा १५० माउ बाख्रा पालन गर्दै गरेको हुनु पर्नेछ । |
| बिधि | (क) सूचना प्रकाशन र ढाँचामा प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता<br>(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस<br>(ङ) स्थलगत अनुगमन, विल भर्पाईका आधारमा अन्तिम भुक्तानी । |
| **कार्यक्रम** | **८. यान्त्रीकरण अनुदान कार्यक्रम (च्याफकटर, दाना बनाउने मेशिन, पशु पालन र तथा डेरि उद्योगमा प्रयोग हुने अन्य उपकरणहरु)** |
| उद्देश्य | • यान्त्रीकरणको माध्यमबाट जनशक्ती, समय र पशुपालन लागत घटाउदै पशुपालन व्यवसायलाई निर्वाहमुखीबाट व्यवसायीक तर्फ रूपान्तरण गरी नाफामुलक बनाउने ।<br>• कृषक/उद्यमी/समुह र सहकारी यान्त्रिकरणको प्रयोग गरि पशु पालन तर्फ उत्प्रेरित गर्ने । |
| बिधि | (क) सूचना प्रकाशन र प्रस्ताव सङ्कलन<br>(ख) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट<br>(ग) प्रस्ताव स्वीकृति, सम्झौता<br>(घ) सम्झौता भएपछी लाभग्राहीले उपकरण खरिद गरी सक्कल बिल बिजक सहित भुक्तानी माग,<br>(ङ) स्थलगत अनुगमन तथा प्रतिवेदन |

| | |
|---|---|
| | (च) सम्बन्धित वडा कार्यालयको सिफारिस र सम्बन्धित पशु सेवा केन्द्र/अनुगमनकर्ताको प्रविधिक प्रतिवेदन सहितको निवेदन गर्नेछन्। |
| अनुदान सीमा | यान्त्रीक लागतको ५० प्रतिशत सम्म ।<br>अधिक्तम अनुदान २,००,०००/- |
| शर्त | • पशुपालन गरिरहेका कृषक तथा उद्यमीहरुले च्याफकटर, दाना बनाउने मेशिन, पशु पालन तथा डेरि उद्योगमा प्रयोग हुने उपकरणमा अनुदान प्राप्त गर्न सक्नेछन् ।<br>• प्रस्ताब बमोजिम माग भएका उपकरणको पशुपन्छी विकास शाखाले तयार गरेको लागत अनुमानको आधारमा तोकिएको स्पेशिफिकेसन भएको सम्भावित मोडेलको उपकरण खरिद गर्नु पर्नेछ ।<br>• उपकरणको लागत मुल्यमा अधिक्तम अनुदान सीमा भन्दा माथीको रकम कृषक वा उपभोक्ता स्वंयले व्यहोर्नु पर्नेछ। |
| **कार्यक्रम** | **९. आकस्मिक पशु उपचार सेवा कार्यक्रम** |
| उद्देश्य | पशुपन्छीहरुमा लाग्ने कुनै पनि प्रकारको महामारीजन्य रोगको उपचार तथा नियन्त्रणको व्यवस्थापन गर्ने |
| बजेट | बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार |
| बिधि | (क) आवश्यक अनुसार नमुना संकलन र परीक्षण तथा उपचार गरी आक्समिक रूपमा देखिएका पशु रोगहरुको व्यवस्थापन गरिने ।<br>(ख) महामारीजन्य पशु रोगको प्रकोप भएको अवस्थामा रोगको<br>प्रकृति अनुसार आवश्यक पर्ने औषधि, खोप एवं उपचार सामग्रीहरू तत्काल खरिद गर्ने<br>(ग) आक्समिक पुश उपचारको लागि आवश्यक किट, औषधि तथा उपकरण खरिद गर्ने<br>(घ) आर्थिक समितिको निर्णय तथा कार्यक्रम स्वीकृत गरी कार्यक्रम कार्यान्वयन गरिने |
| **कार्यक्रम** | **१०. अन्य कार्यक्रम**<br>क) पशुपन्छी उपचार सेवा तथा परजिवी नियन्त्रण कार्यक्रम<br>ख) प्रयोगशाला सेवा तथा बिभिन्न रोग बिरुद्ध भ्याक्सिन सेवा,<br>ग) पशु स्वास्थ्य शिविर तथा डोर टू डोर पशु उपचार सेवा,<br>घ) थुनेलो रोग न्यूनीकरण कार्यक्रम<br>ङ) घाँसको बीउ खरिद तथा वितरण कार्यक्रम (हिउदे घास निःशुल्क तथा डाले घाँसको हकमा २० प्रतिशत लागत सहभागिता)<br>च) पशुपन्छी पालन तालिम, गोष्ठी, तथा क्षमता विकास कार्यक्रम<br>ज) जुनोटिक रोग सम्बन्धि जनचेतना कार्यक्रम<br>झ) ग्रामीण पशु स्वास्थ्य कर्ताहरु लाई सहयोग कार्यक्रम (पशु उपचारमा लाग्ने आवश्यक सामग्रीहरु (कास्टेचर,फोरसेप,कैची,डोरी,टिट साईफन अन्य)) |
| उद्देश्य | उदयपुरगढी गाउँपालिका भित्रको पशुपालकहरूलाई आधारभुत सेवा उपलब्ध गराउने |
| बजेट | बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार |
| बिधि | (क) नियमित उपाचार तथा प्रयोगशाला सेवा पशुसेवा शाखाबाट नियमित रूपमा तोकिएको शुल्क लिई सेवा उपलब्ध हुने।<br>(ख) खरिद तथा वितरण सम्बन्धी कार्यहरू कार्यक्रम प्रस्ताब तयार गरी प्रचलित खरिद कानून बमोजिम खरिद तथा वितरण हुने। |

चित्र प्रसाद गुरागाईं
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | |
|---|---|
| | (ग) तालिम, गोष्ठी तथा क्षमता विकासका कार्यक्रमहरू प्रस्ताव स्वीकृत गरी प्रस्तावना बमोजिम सञ्चालन तथा व्यवस्थापन हुने। |

| कार्यक्रम | **११. विभिन्न दिवस मनाउने कार्यक्रम**<br>(विश्व रेबिज दिवश, विश्व पशुपन्छी दिवस, राष्ट्रिय पोल्ट्री दिवस, विश्व दुध दिवस आदी) |
|---|---|
| उद्देश्य | उदयपुरगढी गाउँपालिका भित्र पशुपालन प्रवर्धन तथा मर्यादित बनाउने |
| बजेट | बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार |
| बिधि | (क) सङ्घीय तथा प्रादेशिक मापदण्ड र निर्देशन बमोजिमका दिवस मनाउने कार्यक्रम उक्त मापदण्ड तथा निर्देशन बमोजिम सञ्चालन हुने,<br>(ख) रेबिज दिवशको लागि रेविज बिरुद्धको खोप तथा एन्टिरेविज खोप खरिद गरी गाउँ भित्र रहेका निजी तथा सामुदायीक कुकुर बिरालोहरुलाई निःशुल्क रेबिज बिरुद्ध खोप लगाइने,<br>(ग) सचेतनामुलक कार्यक्रमकालागि टुल, ब्यानर, फ्लेक्स लगायतका जनचेतनामूलक प्रचार सामग्री तयार गरी प्रचार प्रसार तथा सचेतीकरणका लागि कार्यक्रम गरिने, |

**९. प्रस्तावकको योग्यता तथा प्रस्तावना साथ पेश गर्नु पर्ने कागजातहरुः**

१) कार्यविधि दफा ५ र दफा ७ बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित लाभग्राहीले आफ्नो योग्यता प्रमाणित हुने देहायका कागजात संलग्न गर्नु पर्नेछः

**क) फर्म/व्यसायको हकमाः**

१. रु १० (दश) को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिम आवेदकको निवेदन।

२. उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ को कार्यबिधिले तोकेको ढाँचामा तयार गरिएको अनुसूची- ३ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची-४ बमोजिम लागत साझेदारी प्रतिवर्द्धता र अनुसुची-५ बमोजिम समान प्रकृतिको अनुदान नलिएकोर स्वघोषना पत्र ।

३. आवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

४. फार्म/व्यवसाय दर्ता गरेको प्रमाण पत्र प्रतिलिपि ।

५. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि ।

६. कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।

७. जग्गाधनी पुर्जाको प्रतिलिपि/जग्गा भाडामा लिएको भए सम्झौता वा मन्जुरीनामाको प्रतिलिपि ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**ख) समुह/सहमारी/संस्थाको हकमाः**

१.रु १० (दश)को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिम आवेदकको निवेदन।

२. उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ को कार्यबिधिले तोकेको ढाँचामा तयार गरिएको अनुसूची- ३ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची-४ बमोजिम लागत साझेदारी प्रतिवर्द्धता, अनुसुची-५ बमोजिम समान प्रकृतिको अनुदान नलिएकोर स्वघोषना पत्र ।

३. आवेदकको नेपाली नागरिकताको प्रतिलिपी ( मुख्य पदाधिकारीहरुको सबै ) ।

४. समुह/सहकारी/संस्था दर्ता गरेको प्रमाण पत्र प्रतिलिपि ।

५. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि ।

६. कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।

७. जग्गाधनी पुर्जाको प्रतिलिपि/जग्गा भाडामा लिएको भए सम्झौता वा मन्जुरीनामाको प्रतिलिपि ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

९. कार्यक्रम माग गरेको समुह/सहकारी/संस्थाको निर्णयको प्रतिलिपि ।

**नोटः**

- उदयपुरगढी गाउँपालिकामा सूची दर्ता भएको ।
- कालो सूचीमा नपरेको ।

**१०. प्रस्ताव पेश गर्न नपाइनेः**

- कार्यक्रमबाट पचास हजार रूपैया वा सो भन्दा बढीको अनुदान सहयोग प्राप्त गरेका कृषक/व्यवसायीले अनुदान प्राप्त गरेको आर्थिक वर्षबाट निरन्तर दुई वर्षसम्म सोही विधामा प्रस्ताव पेश गर्न पाउने छैन् ।

## परिच्छेदः ४

## विविध

**११. कारवाही हुनेः**

(१) कार्यक्रमबाट लाभान्वित हुने उद्‌देश्य ले कुनै व्यक्ति वा फर्म वा सहकारीले झुठ्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा तथा अनुदान प्राप्त पश्चाताप सम्झौता गरि काम गर्न नसकेमा त्यस्तो समुह वा फर्म वा सहकारीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारवाही हुने व्यक्ति वा फर्म वा सहकारीलाई गाउँपालिकाले कालो सूचीमा राख्न सकनेछ।

**१२. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुने छ ।

**१४ बाधा अड्चन फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन र अस्पष्टता उत्पन्न भएमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा, अड्चन र अस्पष्टता फुकाउन सक्नेछ।

**१३. खारेजी र बचाउः** उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**अनुसूची-१**

**(दफा ५ को उपदफा (२)-क सँग सम्बन्धित)**

**कार्यक्रमका प्रस्ताव अव्हानका सूचनाको ढाँचा**

**<u>प्रस्ताव आहवानको सूचना</u>**

प्रथम पटक सूचना प्रकाशित मितिः

प्रस्ताव पेश गर्ने अन्तिम मितिः

यस उदयपुरगढी गाउँपालिका पशुपन्छी विकास शाखाको आ.व......................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिम कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित कार्यक्रमक संचालन निर्देशिका/कार्यविधि २०८१ ले तोकिए बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक कृषि सहकारी संस्था, ब्यवसायीक कृषक/कृषक समूह/टोल विकास संस्था तथा निजि फार्म हरुले निम्न लिखित कागजातहरुको साथमा सूचना प्रकाशित भएको मितिले ............. दिन भित्र तोकिएको ढाँचा अनुसारको प्रस्तावना दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगेका वा म्याद नाघि प्राप्तहरुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ । थप जानकारीका लागि उदयपुरगढी गाउँपालिका कार्यालयको फोन नं..............मा सम्पर्क राख्नुहुन साथै उदयपुरगढी गाउँपालिकाको वेभसाईट udayapurgadhimum.gov.np बाट उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम सन्चालन कार्यविधि, २०८१ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

तपसिल

| सि.न. | कार्यक्रमहरुको नाम | संख्या | अनुदान अधिकतम रकम | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**प्रस्ताव दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु -**

**क) फर्म/व्यसायको हकमाः**

१. रु १० (दश)को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिम आवेदकको निवेदन।

२. उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ को कार्यबिधिले तोकेको ढाँचामा तयार गरिएको अनुसूची- ३ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची-४ बमोजिम लागत साझेदारी प्रतिवर्द्धता, अनुसुची-५ बमोजिम समान प्रकृतिको अनुदान नलिएकोर स्वघोषना पत्र ।

३. आवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

४. फार्म/व्यवसाय दर्ता गरेको प्रमाण पत्र प्रतिलिपि ।

५. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि ।

६. कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।

७. जग्गाधनी पुर्जाको प्रतिलिपि/जग्गा भाडामा लिएको भए सम्झोता वा मन्जुरीनामाको प्रतिलिपि ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**ख) समुह/सहमारी/संस्थाको हकमाः**

१. रु १० (दश)को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिम आवेदकको निवेदन।

२. उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ को कार्यबिधिले तोकेको ढाँचामा तयार गरिएको अनुसूची- ३ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची-४ बमोजिम लागत साझेदारी प्रतिवर्द्धता, अनुसुची-५ बमोजिम समान प्रकृतिको अनुदान नलिएकोर स्वघोषना पत्र ।

३. आवेदकको नेपाली नागरिकताको प्रतिलिपी ( मुख्य पदाधिकारीहरुको सबै ) ।

४. समुह/सहकारी/संस्था दर्ता गरेको प्रमाण पत्र प्रतिलिपि ।

५. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि ।

६. कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।

७. जग्गाधनी पुर्जाको प्रतिलिपि/जग्गा भाडामा लिएको भए सम्झोता वा मन्जुरीनामाको प्रतिलिपि ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

९. कार्यक्रम माग गरेको समुह/सहकारी/संस्थाको निर्णयको प्रतिलिपि ।

चित्र प्रसाद मगराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१५८

अनुसूची-२

(दफा ५को उपदफा (२)-ख सँगसम्बन्धित)

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
उदयपुरगढी गाउँपालिका, उदयपुर।

मितिः

विषयः प्रस्ताव पेश गरेको वारे।

प्रस्तुत विषयमा त्यहाँ गाउँपालिकाबाट मिति...............गतेमा प्रकाशित सुचना अनुसार ........................................................................................ कार्यक्रम संचालन गर्न इच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम संचालजमा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुप्योग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

निवेदकको:
दस्तखतः
नामः
सम्पर्क नं.

प्रस्तावकको नाम/थरः
स्थायी ठेगानाः
प्रस्तावित कार्यक्रमको नामः
कार्यक्रम संचालन हुने स्थानः

**संलग्न कागजातहरूको सूचीः**

| क्र.सं. | संलग्न कागजातहरुको विवरण |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| ६. | |
| ७. | |
| ८. | |
| ९. | |
| १०. | |

चित्र प्रसाद गुराগाई
प्रमुख प्रशासकीय अधिकृत

उदयपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बेल्टार, उदयपुर १ नं. प्रदेश, नेपाल २०७३

CamScanner

अनुसूची-३ (क)

(दफा ५ को उपदफा (२)-ख सँग सम्बन्धित)

(संक्षिप्त व्यवसायीक कार्ययोजना गाइ भैसी पालन तर्फ)

ब्यवसायिक फर्म/समुह/सहकारी/टोल विकास संस्थाको नामः

ठेगानाः सम्पर्क नं.

संचालन गरिने कार्यविरणः

| सि.नं. | संचालन गरिने क्रियाकलाप | इकाई | परिमाण | दर | अपेक्षित अनुदान रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

फार्म/समुह/सहकारी/टोल विकास संस्था दर्ता गरेको मितिः

फार्म/समुह/सहकारी/टोल विकास संस्था दर्ता गरेको निकायः

सम्पर्क नं.

हाल फार्म/समुह/सहकारी/टोल विकास संस्थामा रहेका पशुहरूको संख्या

गाइः माउः भैसीः माउः वहरः राँगोः बाच्छाः पाडाः

बाच्छीः पाडीः जम्मा

घाँस लगाएको क्षेत्रफलः वर्षः डालेघाँस संख्याः

दैनिक दुध उत्पादन लिटरः दैनिक दुध बिक्री लिटरः

पशु विमा गरेको संख्याः

प्रजनन् व्यवस्थापनः प्राकृतिक गर्भाधान/कृत्रिम गर्भाधान

पशुहरूलाई लगाएको खोपको विवरणः

पशुहरूलाई परिजवी विरुद्ध औषधि खुवाएको विवरणः

जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

उत्पादित बस्तुका बजारः अपेक्षित बार्षिक प्रतिफलः

**निवेदक**

दस्तखतः

नामः

ठेगानाः

संस्थाको छापः

CamScanner

अनुसूची-३ (ख)

(दफा ५ कोउपदफा (२)-ख सँग सम्बन्धित)

(संक्षिप्त व्यवसायीक कार्ययोजना बाख्रा पालन तर्फ)

ब्यवसायिक फार्म/समुह/सहकारी/टोल विकास संस्थाको नामः

ठेगानाः सम्पर्क नं.

संचालन गरिने कार्य बिरणः

| सि.नं. | संचालन गरिने क्रियाकलाप | इकाई | परिमाण | दर | अपेक्षित अनुदानं रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

फार्म/समुह/सहकारी/टोल विकास संस्था दर्ता गरेको मितिः

फार्म/समुह/सहकारी/टोल विकास संस्था दर्ता गरेको निकायः

**हाल फार्म/समुह/सहकारी/टोल विकास संस्थामा रहेका पशुहरूको संख्याः**

बाख्राःमाउः बोकाः खसीः पाठाः पाठीः जम्माः

**घाँस लगाएको क्षेत्रफलः**

हिउँदेः वहुवर्षेः वर्षेः डालेघाँस संख्याः

वार्षिक खसी बोका बिक्री संख्याः जम्मा के.जि.

वार्षिक प्रजनन् तथा पाल्नको लागि बिक्री वोका र बाख्री पाठी संख्याः

पशु विमा गरेको संख्याः

प्रजनन् व्यवस्थापनः प्राकृतिक गर्भाधान/कृत्रिम गर्भाधान

पशुहरूलाई लगाएको खोपको विवरणः

पशुहरूलाई परिजवी विरूद्ध औषधि खुवाएको विवरणः

जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

उत्पादित बस्तुका बजारः अपेक्षित बार्षिक प्रतिफलः

प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हुने अपेक्षित उपलब्धिहरुः

- 
- 

**निवेदक**

दस्तखतः

नामः

ठेगानाः

संस्थाको छापः

CamScanner

**अनुसूची-३ (ग)**

**(दफा५ को उपदफा (२)-ख सँग सम्बन्धित)**

**(संक्षिप्त ब्यवसायीक कार्ययोजना वंगुर पालन तर्फ)**

ब्यवसायिक फार्म/समुह/सहकारी/टोल विकास संस्थाको नामः

ठेगानाः सम्पर्क नं.

संचालन गरिने कार्य बिवरणः

| सि.नं. | संचालन गरिने क्रियाकलाप | इकाई | परिमाण | दर | अपेक्षित अनुदान रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

फार्म/समुह/सहकारी/टोल विकास संस्था दर्ता गरेको मितिः

फार्म/समुह/सहकारी/टोल विकास संस्था दर्ता गरेको निकायः

हाल फार्म/समुह/सहकारी/टोल विकास संस्थामा रहेका पशुहरूको संख्या

बंगुर माउः विरः पाठाः पाठीः जम्माः

वार्षिक मासु प्रयाजन तथा पाल्नको लागि बिक्री संख्याः

बगुरः माउः विरः पाठाः पाठीः

पशु विमा गरेको संख्याः

प्रजनन् व्यवस्थापनः प्राकृतिक गर्भाधान/कृत्रिम गर्भाधान

पशुहरूलाई लगाएको खोपको विवरणः

पशुहरुलाई परिजवी विरूद्ध औषधि खुवाएको विवरणः

जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

उत्पादित बस्तुका बजारः अपेक्षित बार्षिक प्रतिफलः

प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हुने अपेक्षित उपलब्धिहरुः

-
-

**निवेदक**

दस्तखतः

नामः

ठेगाना

संस्थाको छापः

**अनुसूची-३ (घ)**

**(दफा ५कोउपदफा (२)-ख सँग सम्बन्धित)**

**(संक्षिप्त व्यवसायीक कार्ययोजना कुखुरा पालन तर्फ)**

ब्यवसायिक फार्म/समुह/सहकारी/टोल विकास संस्थाको नामः

ठेगानाः

संचालन गरिने कार्य बिरणः

| सि.नं. | संचालन गरिने क्रियाकलाप | इकाई | परिमाण | दर | अपेक्षित अनुदान रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

फार्म/समुह/सहकारीटोल विकास संस्था दर्ता गरेको मितिः

फार्म/समुह/सहकारीटोल विकास संस्था दर्ता गरेको निकायः

सम्पर्क नं.

हाल फार्म/समुह/सहकारीटोल विकास संस्थामा रहेका पन्क्षीहरूको संख्याः

लेयर्सः ब्रोइलरः गिरिराज हब्बर्डः अन्यः जम्माः

वार्षिक मासु तथा अण्डा उत्पादनः

मासु उत्पादनः अण्डा उत्पादनः विमा गरेको संख्याः खोपको विवरणः

परिजवी विरूद्ध औषधि खुवाएको विवरणः

जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

उत्पादित बस्तुका बजारः अपेक्षित बार्षिक प्रतिफलः

प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हुने अपेक्षित उपलब्धिहरुः

- 
- 

**निवेदक**

दस्तखतः

नामः

ठेगानाः

संस्थाको छापः

**अनुसूची-३ (ङ)**
**(दफा ५कोउपदफा (२)-ख सँग सम्बन्धित)**
**(संक्षिप्त व्यवसायीक कार्ययोजना माछा पालन तर्फ)**

व्यवसायिक फर्मको नामः
ठेगानाः
संचालन गरिने कार्य बिरणः

| सि.नं. | संचालन गरिने क्रियाकलाप | इकाई | परिमाण | दर | अपेक्षित अनुदान रू. | निजि लगानि रू. | जम्मा लगानि रू. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

फार्म/समुह/सहकारीटोल विकास संस्था दर्ता गरेको मितिः
फार्म/समुह/सहकारीटोल विकास संस्था दर्ता गरेको निकायः
हाल फार्म/समुह/सहकारीटोल विकास संस्थामा रहेका माछा संख्या वार्षिक माछा उत्पादनः
विमा गरेको संख्याः परिजवी विरूद्ध औषधि खुवाएको विवरणः
जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः
उत्पादित बस्तुका बजारः अपेक्षित बार्षिक प्रतिफलः

**निवेदक**
दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नं.
संस्थाको छापः

अनुसूची ४

(दफा ५को उपदफा (२)-ख सँग सम्बन्धित)

लागत साझेदारीको प्रतिबद्धता

उदयपुरगढी गाँउपालीका गाँउ कार्यपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा उदयपुरगढीको मितिः...................को ..............................(कार्यालयको सूचना पाटी वा पत्रीका आदी) प्रकाशित सूचना उदयपुरगढी गाँउपालीका .......... नं. वडा. .............. गाउँ/टोल स्थायी ठेगाना भएको **श्री ..................फर्म / समुह/सहकारी/टोल विकास संस्था ले ............................... कार्यक्रम** संचालनका लागि पेश गरेको संक्षिप्त व्यवसायीक कार्य योजना अनुसार अनुमानित कुल लागत रु..............................को ............................ प्रतिशतले हुन आउने रु.............................. अक्षरुपी.......................................................................................बरावरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

**निवेदकको**

| बायाँ | दायाँ |
|---|---|
| | |

**दस्तखतः**

**नामः**

**ना.प्र.नं.**

**मितिः**

**संस्थाको छापः**

अनुसुचि-५

**समान प्रकृतिको अनुदान नलिएको स्वघोषण**

उदयपुरगढी गाँउपालीका गाँउ कार्यपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा उदयपुरगढीको मितिः..................को ............................(कार्यालयको सूचना पाटी वा पत्रीका आदी) प्रकाशित सूचना उदयपुरगढी गाँउपालीका ........... नं वडा .............गाउँ/टोल स्थायी ठेगाना भएको **श्री ...............फर्म/समुह/सहकारी/टोल विकास संस्थाले ....................................कार्यक्रम** संचालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार सँग मेल खाने कार्यका लागि बिगत २ बर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/निर्देशनालय/केन्द्रबाट नलिएको स्वघोषण गर्दछु । अन्यथा फेला परेमा कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमनानुसार अन्य सजाय भोग्न समेत तयार छु ।

**निवेदकको**

| बायाँ | दायाँ |
|---|---|
| | |

**दस्तखतः**

**नामः**

**मितिः**

**संस्थाको छापः**

अनुसूची-६

(दफा ५ कोउपदफा (२)-ख सँगसम्बन्धित)

आवश्यक कागजातहरु

**क) फर्म/व्यसायको हकमा:**

१. रु १० (दश)को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिम आवेदकको निवेदन।

२. उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ को कार्यबिधिले तोकेको ढाँचामा तयार गरिएको अनुसूची- ३ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची-४ बमोजिम लागत साझेदारी प्रतिवर्द्धता, अनुसुची-५ बमोजिम समान प्रकृतिको अनुदान नलिएकोर स्वघोषना पत्र ।

३. आवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

४. फार्म/व्यवसाय दर्ता गरेको प्रमाण पत्र प्रतिलिपि ।

५. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि ।

६. कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।

७. जग्गाधनी पुर्जाको प्रतिलिपि/जग्गा भाडामा लिएको भए सम्झोता वा मन्जुरीनामाको प्रतिलिपि ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**ख) समुह/सहमारी/संस्थाको हकमा:**

१. रु १० (दश)को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिम आवेदकको निवेदन।

२. उदयपुरगढी गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ को कार्यबिधिले तोकेको ढाँचामा तयार गरिएको अनुसूची- ३ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूची-४ बमोजिम लागत साझेदारी प्रतिवर्द्धता, अनुसुची-५ बमोजिम समान प्रकृतिको अनुदान नलिएकोर स्वघोषना पत्र ।

३. आवेदकको नेपाली नागरिकताको प्रतिलिपी ( मुख्य पदाधिकारीहरुको सबै ) ।

४. समुह/सहकारी/संस्था दर्ता गरेको प्रमाण पत्र प्रतिलिपि ।

५. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि ।

६. कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।

७. जग्गाधनी पुर्जाको प्रतिलिपि/जग्गा भाडामा लिएको भए सम्झोता वा मन्जुरीनामाको प्रतिलिपि ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

९. कार्यक्रम माग गरेको समुह/सहकारी/संस्थाको निर्णयको प्रतिलिपि ।

CamScanner

चित्र प्रसाद गुरुगाई
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-७

(दफा ५ को उपदफा (२)-ङ सँगसम्बन्धित)

अनुदान प्रस्तावको मुल्याङ्कनका लागि स्थलगत निरिक्षण चेक लिष्ट

| | | | | |
|---|---|---|---|---|
| १. प्रस्ताव पेश गरेको कार्यक्रमको | | | | |
| नामः | | | | |
| माग गरेको कार्यक्रम र परिमाणः | | | | |
| २. प्रस्तावकको विवरण | | | | |
| फ़र्म/समुह/सहकारी/टोल विकास संस्थाको नामः | | | | |
| ठेगानाः | | | | |
| प्रोपाइटरको नामः | | | सम्पर्क नम्वरः | |
| ३. शैक्षिक योग्यता/तालिमः | | | | |
| ३.१ शैक्षिक योग्यताः | | | | |
| ३.२ हासिल गरेको तालिमको नामः | | | | |
| हासिल गरेको तालिमको नाम | | तालिम अवधि (दिन) | तालिम दिने संस्थाको नाम | तालिम लिएको स्थान |
| | | | | |
| ४. वैदेशिक रोजगारीमा गए/नगएको: | | | | |
| गएको भए के के काम गरेको/अनुभवः | | | | |
| ५. पालेको पशु संख्या | | | | |
| गाईः | माउ संख्याः | बाछाबाछीः | साढे | जम्माः |
| भैसीः | माउ संख्याः | पाडापाडीः | राँगो | जम्माः |
| बाख्राः | माउ संख्याः | पाठापाठीः | बोका/खसीः | जम्माः |
| भेडाः | माउ संख्याः | पाठापाठीः | बोका/खसीः | जम्माः |
| वंगुरः | माउ संख्याः | पाठापाठीः | विरः | जम्माः |
| माछाः | माउ संख्याः | भुराः | जम्माः | |
| ६. उत्पादन विवरणः | | | | |
| ६.१ दैनिक दुध उत्पादन लिटरः | | | वार्षिक दुध उत्पादन लिटरः | |
| ६.२ दैनिक दुध विक्री लिटरः | | | वार्षिक दुध विक्री लिटरः | |
| ६.३ दुध विक्री कहाँ गरिन्छ | | | | |
| ६.४ वार्षिक खसी वोका बिक्री संख्याः | | | के.जी............... | |
| ६.५ वार्षिक वंगुर बिक्री संख्याः | | | के.जी............... | |
| ६.६ वार्षिक माछा बिक्री के.जी. | | | | |
| ७. गोठको संरचना | | ७.१ सामान्य/व्यवस्थित | | |
| ८. प्रजन्न व्यवस्थापनः | | ८.१ प्राकृतिक/कृत्रिम गर्भाधान गराउने गरेको | | |
| ९. स्वास्थ्य व्यवस्थापन | | | | |
| ९.१ संक्रामक रोग विरुद्ध खोप लगाउने गरेको/नगरेको,के के खोप | | | | |
| ९.२ परजिवि नियन्त्रण गर्ने गरे/नगरेको,कति कति महिनामा | | | | |
| १०. आहार व्यवस्थापन | | | | |
| १०.१ निजि वा भाडाको जग्गामा घाँस खेती गरेको/नगरेको: | | | | |
| १०.१.१ वर्षभरी घाँस खेती गरेको कुल क्षेत्रफलः | | | | |
| हिउदे घाँस क्षेत्रफलः | वर्षे घाँस क्षेत्रफलः | | वहुवर्षे घाँस क्षेत्रफलः | डाले घाँस संख्याः |
| ११. अन्य व्यवस्थापनः | | | | |
| ११.१ गोठको सरसफाई अवस्थाः ठिकै/सामान्य/उतम/अतिउतम | | | | |

उदयपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७२

CS CamScanner

चित्र प्रसाद गुरागाईं
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ११.२ सबै पशुको विमा गरेको/नगरेको ? | | पशुको विमा गरेको संख्या: | |
| १२.विगत तिन आ व मा पशुपन्छी तथा मत्स्यपालन सम्बन्धि अनुदान पाए/नपाएको ? | | | |
| पाएको भए के कार्यक्रम पाएको ? | | | |
| कति रकम पाएको? | रु | कुन निकायबाट पाएको? | |
| १३.अनुगमनकर्ताले महशुस गरेका अन्य विषयहरु उल्लेख गर्नुहोस | | | |
| | | | |

**कृषक/प्रतिनिधिको**

दस्तखतः

नामः

फर्मको छापः

**अनुगमनकर्ताको**

दस्तखतः

नामः

पदः

अनुसूची-८

(दफा७कोउपदफा (२)-४ सँगसम्बन्धित)

अनुदान कार्यक्रम प्रस्तावना मूल्याङ्कनका आधारहरु

फार्म/समुह/सहकारी/टोल विकास संस्था को नामः

ठेगानाः

प्रोप्राइटरको नामः सम्पर्क नं.

| सि.नं. | मूल्याङ्कनका सूचकहरु | भार (अंक) | प्राप्त |
|---|---|---|---|
| १ | फार्म/समुह/सहकारी/टोल विकास संस्थाको जेष्ठता | ५.० अंक | |
| १.१ | दर्ता गरेको मितिले ६ महिनासम्म | ३.० अंक | |
| १.२ | ६ महिना माथि १ वर्षसम्म | ४.० अंक | |
| १.३ | १ वर्ष भन्दा माथि | ५.० अक | |
| २. | तालिम/अनुभव | ५.० अंक | |
| २.१ | पशुपन्छी पेशा सम्बद्ध अनुभव | ३.० अक | |
| २.२ | पशुपन्छी पेशा सम्बद्ध तालिम एक हप्ता सम्म | ४.० अंक | |
| २.३ | पशुपन्छी पेशा सम्बद्ध तालिम १ हप्ता भन्दा बढीको | ५.० अंक | |
| ३. | वैदेशिक रोजगारी/अनुभव | ५.० अंक | |
| ३.१ | वैदेशिक रोजगारीको अन्य क्षेत्रको अनुभव | ३.० अंक | |
| ३.२ | वैदेशिक रोजगारीको पशुपन्छी क्षेत्रको अनुभव | ५.० अंक | |
| ४. | पालेको पशु/पन्छी/माछा संख्याः | १०.० अक | |
| ४.१ | गाइभैंसीः माउ संख्या ३ वटासम्म ५.० अंक र प्रत्येक एउटाको लागि १.० अंकका दरले अधिकतम १०.० अंक | १०.० अंक | |
| ४.२ | बाख्राः माउ संख्या १० सम्म ५.० अंक र प्रत्येक १ वटाको १.० अंकका दरले अधिकतम १०.० अक | १०.० अंक | |
| ४.३ | बंगुरः माउ संख्या ५ सम्म ५.० अंक र प्रत्येक एउटाको १.० अंकका दरले अधिकतम १०.० अंक | १०.० अंक | |
| ४.४ | पन्छी/माछा संख्या १००० सम्म ५.० अंक र १००० भन्दा माथि पालेकोलाई | १०.० अंक | |
| ५. | उत्पादन विवरणः | १०.० अक | |
| ५.१ | वार्षिक दुध उत्पादन तथा बिक्री लिटरः | | |
| ५.१.१ | १००० लिटरसम्म | ३.० अक | |
| ५.१.२ | १००१ देखि ३००० लिटरसम्म | ४.० अक | |
| ५.१.३ | ३००१ देखि १०००० लिटरसम्म | ६.० अंक | |
| ५.१.४ | १०००० लिटरभन्दा बढी | ८.० अक | |
| ५.२ | वार्षिक मासु उत्पादन तथा बिक्री के.जि. (जिवित तौल) | १०.० अक | |
| ५.२.१ | खसि/बोका/बाखा ५.२.१.१ बार्षिक १०० के.जि. सम्म | ४.० अक | |
| ५.२.१.२ | बार्षिक १०० के. जि. देखि ३०० सम्म | ६.० अक | |

CamScanner

| | | | |
|---|---|---|---|
| ५.२.१.३ | बार्षिक ३०१ के.जि. देखि ५०० सम्म | ८.० अंक | |
| ५.२.१.४ | बार्षिक ५०० के.जि. भन्दा माथि | १०.० अंक | |
| ५.२.२ | बगुर/माछा/कुखुरा ५.२.१.१ बार्षिक २०० के.जि. सम्म | ४.० अंक | |
| ५.२.१.२ | बार्षिक २०० के.जि. देखि ५०० सम्म | ६.० अंक | |
| ५.२.१.३ | बार्षिक ५०१ के.जि. देखि १००० सम्म | ८.० अंक | |
| ५.२.१.४ | बार्षिक १००० के.जि. भन्दा माथि | १०.० अंक | |
| ६. | गोठ/खोरापोखरी/वायोफलक सरचना | ५.० अंक | |
| ६.१ | सामान्य गोठ/खोर पोखरी/वायोफलक | ३.० अंक | |
| ६.२ | व्यवस्थित गोठ/खोर/पोखरी/वायोफलक | ५.० अंक | |
| ७. | प्रजनन् व्यवस्थापनः | १०.० अंक | |
| ७.१ | प्राकृतिक गर्भाधान | ५.० अंक | |
| ७.२ | कृत्रिम गर्भाधान | १०.० अंक | |
| ८. | स्वास्थ्य व्यवस्थापन | १०.० अंक | |
| ८.१ | संक्रामक रोग विरुद्ध खोप लगाउने गरेको | ३.० अंक | |
| ८.२ | परजिवी नियन्त्रण गर्ने गरेको | ३.० अंक | |
| ८.३ | जैविक सूरक्षा विधि अवलम्वन गरेको | ४.० अंक | |
| ९. | आहारा/दाना व्यवस्थापन | २०.० अंक | |
| ९.१ | प्रतिकट्ठा क्षेत्रफमा घाँसखेती गरे वापत ४ अंकका दरले अधिकतम | १६.० अंक | |
| ९.२ | उत्पादन लागत कम गर्न अपनाइएको अन्य विधि/प्रविधिहरूः | ४.० अंक | |
| ९.३ | दानाको सामान्य व्यवस्थापन | १६.० अंक | |
| ९.४ | दानाको राम्रो व्यवस्थापन | २०.० अंक | |
| १०. | अन्य व्यवस्थापनः | २०.० अंक | |
| १०.१. | गोठ/खोर/पोखरी/वायोफलक सरसफाइ अवस्थाः | २.० अंक | |
| १०.१.१ | ठिकै | ३.० अंक | |
| १०.१.२ | सामान्य | ४.० अंक | |
| १०.१.३ | उत्तम | ५.०अंक | |
| १०.१.४ | अतिउत्तम | १६.० अंक | |
| १०.२ | पशु विमा (प्रति पशु १.० अंकका दरले अधिकत १०.० अंक) | १०.० अंक | |
| १०.३ | दुध दुहुने र बिक्रीको लागि स्टेनलेस स्टिलका भाँडा प्रयोग र भाँडो सधैं सफा | ५.० अंक | |

नोटः अनुसूचीहरूमा उल्लेखित प्रस्तावना मुल्याङ्कनका आधारहरूका सन्दर्भमा उल्लिखित आधारहरुको मूल शिर्षकको पूर्णाङ्कमा कुनैपनि प्रकारको असर नपर्ने गरी कार्यक्रमको उद्‌देश्य र मर्म अनुसार मूल्याङ्कन शिर्षकको उचित व्यवस्थापन गर्न सकिने छ। यसरी व्यवस्थापन गर्नु पर्ने अवस्था आएमा सो विषय आर्थिक विकास समितिको वैठकमा पेश गरी बैठकबाट निर्णय भए अनुसार गर्न सकिने छ।

CamScanner

अनुसूची-९

(दफा ५ को उपदफा (२)-ञ सँग सम्बन्धित)

कार्यक्रम सञ्चालन सम्झौता पत्र

उदयपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, पशु पन्छी विकास शाखा को आ.व........................ को स्वीकृत बार्षिक कार्य लक्ष्य अनुसार.......................................................कार्यक्रम तर्फ पेश भएका प्रस्तावहरु मध्ये प्रस्ताव मुल्याङ्कन, छनौट समिति तथा गाउँ कार्यपालिका मार्फत स्वीकृत भई छनौट भएका प्रस्तावना अनुसार कार्यक्रम संचालन गर्न श्री उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय(यस पछी प्रथम पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका श्री. ......................... फर्म/समुह/सहकारी/टोल विकास संस्था (यसपछी दोस्रो पक्ष भनिने) बिच तपशिलका शर्तहरु परिपालना गर्ने द्विपक्षीय सझौता/सहमति गरी लियौं/दियौं।

तपशिल

१. प्रथम पक्षले यस सम्झौता मुताविकको कार्यक्रम सञ्चालनका लागि रु......................................... अक्षरुपी रुपैयाँ मात्र (नियमानुसारको कर कट्टा गरी) दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले उदयपुर जिल्ला उदयपुरगढी गा.पा. ............ नं.वडाको................................ स्थानमा यसै आर्थिक वर्षको अन्त्यसम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३ दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्य-योजना मुताबिकका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, बिल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

५ दोस्रो पक्षले नियमानुसारको बिल, भर्पाई, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे दोस्रो पक्षको बैङ्क खाता मार्फत बढीमा दुई किस्ता वा कार्यक्रम सम्पन्न भए पश्चात एकमुष्ठ भुक्तानी गरिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन निरीक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ ।

७. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दीगोपनका लागि गरिने सम्पूर्ण कार्यहरु तथा अप्रत्याशित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. दोस्रो पक्षले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछ ।

९. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड राख्नुपर्नेछ ।

१०. कार्यक्रम सञ्चालनको दौरान कुनै कुरा परिमार्जन गर्नु परेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१०. दोस्रो पक्षबाट अनुदान रकमको दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिश गर्न सक्नेछ ।

११. यस सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

उदयपुरगढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय उदयपुरगढी, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

CamScanner

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| --- | --- |
| हस्ताक्षरः हस्ताक्षरः | |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| संस्थाको छापः | संस्थाको छापः |

रोहवर

| | |
| --- | --- |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत........................साल............................महिना......................गते रोज..............शुभम् ।

CS CamScanner

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१०

(सूचनापाटी को नमुना)

(साईजः ३ फिट x २ फिट)

**उदयपुरगढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**उदयपुरगढी,उदयपुर**

**कोशी प्रदेश, उदयपुर**

**कार्यक्रमको नामः**

**कार्यक्रम संचालन स्थलः**

**कार्यक्रम सम्झौता मितिः**

**कार्यक्रम सम्पन्न गर्नुपर्ने मितिः**

**फर्म/समुह/सहकारी/टोल विकास संस्थाको नामः**

**फर्म/समुह/सहकारी/टोल विकास संस्थाको सम्पर्क व्यक्तिको नामः**

**सम्पर्क नं.**

**कार्यक्रमको कुल लागतः**

**गाउँपालिकाबाट विनियोजित बजेट रकम रुः**

**वडाबाट विनियोजित बजेट रकम रु.**

**अन्य साझेदार निकायको सहयोग रुः**

**जनश्रमदानबाट व्यहोर्ने रकम रुः**

**प्राविधिक साईट ईन्चार्जको नामः**

**लाभावितहरुको संख्याः..............महिला,..............पुरुष र .......... अन्य**